बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. १९

बी.स.९६ (२०७६/०७७) च.नं. ४०३२

मिति: २०७६/१२/१३

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

विषय: **निर्देशन सम्बन्धमा।**

विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) का कारण नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गरेको अवस्थामा उक्त अवधि भरका लागि सङ्क्रमणबाट सजग रही बीमकहरुले न्युनतम सेवालाई निरन्तरता दिनुका साथै तहाँबाट दिने सेवाहरु विभिन्न सञ्चार माध्यम लगायत सामाजिक सञ्जालहरु मार्फत जानकारी गराउनका लागि देहायको व्यवस्था गरिएकोले सोही अनुसार गर्न गराउनुहुन निर्देशन गरिएको छ :-

(क) सङ्क्रमणको अवधि तत्काल एकिन गर्न ब्यवहारिक नभएकोले कोरोना सङ्क्रमणको कारण प्रभावित जीवन बीमा सम्बन्धी बीमाशुल्क सङ्कलन कार्य चैत्र मसान्त सम्म स्थगन गरी परिस्थिति सामान्य भएपछि बिना ब्याज सङ्कलन गर्ने ब्यवस्था मिलाउने,

(ख) बीमा अवधि समाप्त भएको बीमालेखको हकमा सम्बन्धित बीमितको लिखित अनुरोध (विद्युतीय माध्यमबाट प्राप्त) को आधारमा बीमालेख नविकारण हुने ब्यवस्था मिलाउने,

(ग) अभिकर्ता इजाजतपत्र नवीकरण गर्नको लागि बीमक मार्फत समितिको नबिल बैंकमा रहेको खाता नं. ०११००१३०११००१ मा चैत्र मसान्त भित्र शुल्क जम्मा गरी बैंक भौचर पेश गरेमा जरिवाना नलाग्ने,

(घ) सर्भेयर इजाजतपत्र नवीकरण गर्नको लागि समितिको नबिल बैंकमा रहेको खाता नं. ०११००१३०११००१ मा चैत्र मसान्त भित्र शुल्क जम्मा गरी बैक भौचर पेश गरेमा जरिवाना नलाग्ने,

(ङ) निर्जीवन बीमकले तत्कालै उत्पन्न हुने दाबी भुक्तानीका लागि बिद्युतीय माध्यम मार्फत बीमितबाट यथेष्ठ प्रमाण सङ्कलन गर्ने र अवस्था सामान्य भएपछि तुरुन्त सर्भेयर खटाइ क्षति एकिन गरी दाबी भुक्तानी गर्ने,

(च) जीवन बीमकले अवधि समाप्ति पछिको बीमा रकम बिद्युतीय माध्यमबाट बीमितको खातामा जम्मा गर्ने ब्यवस्था मिलाउने तथा अन्य बीमा दावीको हकमा बीमितले बिद्युतीय माध्यम मार्फत निवेदन गरेमा यथेष्ठ प्रमाण सङ्कलन गरी अवस्था सामान्य भएपछि यथाशिघ्र दाबी भुक्तानी गर्ने।

**(राजु रमण पौडेल)**
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np